# मिक्लाजुङ गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

गाउँ सभाबाट स्वीकृत मिति : २०८०/०३/०८

मिक्लाजुङ गाउँपालिका पाँचथर

**मिक्लाजुङ गाउँपालिका पाँचथर**

**कोशी, प्रदेश नेपाल**

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

## <u>(ख) विद्यमान परिवेश</u>

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ । नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

### (ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

मिक्लाजुङ गाउँपालिका पाँचथर

१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## (घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू तथा यस गाँउपालिकाको आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।
गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो।

सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकामा तर्जुमा भएको स्थानीय विषयको पाठ्यक्रम लागु गरि पठनपाठन गराइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न विभिन्न प्रोत्साहनका कार्यक्रम तर्जुमा गरि प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

८. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

९. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

१०. विद्यार्थीहरुको शारिरिक, मानसिक विकासका लागि पठनपाठनका, साथसाथै खेलकुदमा जोड दिइनेछ।

११. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२. शिक्षणमा सूचना तथा सञ्चारको प्रविधिको प्रयोग, कम्प्युटर शिक्षालाई जोड, इन्टरनेटको व्यवस्थालाई सुदृढिकरण गरी विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ।

१३. शिक्षक तथा कर्मचारीलाई तालिम व्यवस्था गरी प्रविधिमैत्री बनाउदै लगिनेछ।

१४. विगत बर्षहरुमा कोरोना भाईरस रोग कोभिड १९ को संक्रमणका कारण लामो समय सम्म विद्यालयहरु वन्द रहकाले त्यसको असर हालसम्म पनि पठनपाठनमा परिरहेकाले उपचारात्मक शिक्षणको व्यवस्था मिलाई सिकाईलाई थप व्यवस्थित वनाउदै मुल्याङकनलाई स्तरीकृत गर्ने।

१५. नेपाल सरकारले शैक्षिक संस्थाकालागी तोकेको पहेलो रङ लगाउने व्यवस्था मिलाउदै जाने साथै घेरावारा समेत एकै खालको निर्माण गर्न पहल गर्ने ।

१६. प्राविधिक जनशक्ति उत्पादन र विकासका लागि छिमेकी अन्य गाउँपालिका समेत लाभान्वित हने गरी आगामी दुई वर्षभित्रमा थप एउटा प्राविधिक विद्यालय स्थापनाका लागि विस्तृत अध्ययन प्रतिवेदन तयारी गरिने छ ।

१७. हरेक वडाका १-१ वटा माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ । विद्यालयको माध्यमिक तहसम्म अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ र शैक्षिक गुणस्तर बृद्धिका लागि शहरबजारका प्रतिष्ठित निजी विद्यालयहरुसँग सहकार्य शुरुवात गरिनेछ । साथै हरेक वडाका सबै विद्यालयहरुलाई श्रोत सम्पन्न विद्यालयको रुपमा विकास गरिनेछ र विद्यालयको माध्यमिक तहसम्म अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी स्थानीय भाषामा पठनपाठनको व्यवस्था मिलाइनेछ।

२. स्थानीय भाषा, संस्कृति र सम्पदालाई पर्यटन विकाससँग जोडदै यसको प्रवर्द्धन गरिनेछ।

३. भाषा, कला, साहित्य तथा संस्कृति संरक्षणसम्बन्धी नीति र कानुन तथथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. क्षमता अभिवृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा सुवरोजगारीमा अभिवृद्धि गरिनेछ।

२. युवाका लागि सीप, प्रविधि, कर्जा, व्यवसाय परामर्श, बजार सुविधासहित उद्यम विकाससम्बन्धी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

३. वैदेशिक रोजगारीबाट हासिल गरेका दक्षता, सीप, अनुभव, ज्ञान एवं पुँजीलाई सही सदुपयोगका लागि उपयुक्त वातावरण सृजना गर्दै औधोगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ।

४. युवाहरुको शारीरिक र मानसिक विकासका लागि सानो उमेरदेखि नै अभ्यस्त गराउँदै खेल संस्कृतिको विकास गरिनेछ।

५. खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालय, बस्ती, वडाहरु र गाउँपालिका स्तरीयमा निर्माण गरी खेलकुदको प्रवर्द्धन गरिनेछ।

६. खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण सृजना गरिनेछ।

७. स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थासँग समन्वय र नियमन गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. कार्यस्थलमा हुनै लैङ्गिक तथा यौनिक हिंसा छुवाछुत एवं विभेदपूर्ण ज्यालादर ,लगायत सबै प्रकारका अन्याय र हिंसालाई निरुत्साहित र दण्डित गर्न स्थानीय कानुन बनाई कडाइका साथ लागू गरी गाउँपालिकालाई महिला तथा वालवालिका हिंसा मुक्त बनाइनेछ। सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

३. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
४. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न सहयोग गरिनेछ। तथा दलितहरुको परम्परागत सिप र दक्षताको भरपुर उपयोग गर्न आधुनिकिकरण गरिनेछ।
५. आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यसै समुदायसँग सरोकार राख्ने निर्णयहरुमा सहभागी गराउने तथा आदिवासी जनजाती र स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति, भाषा, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गरिनेछ।
६. अपाङ्गता भएको नागरिकहरुको क्षमता अभिवृद्धि गर्न सीप विकास तथा उद्यमसिलता तालिम प्रदान गरि स्व रोजगार तथा आय आर्जनका अवसरहरु सृजना गर्न सहयोग र सहजिकरण गरिनेछ।
७. अपाङ्गता सम्बन्धी समुदायमा जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गर्ने जस्तै कानुनी सचेतना, सेवा सुविधा सम्बन्धी जानकारी, अपाङ्गता भएका व्यक्तिको क्षमता उजागर गर्ने, परिचय पत्र वितरणमा पहुँच पुर्याउने, परिभाषा तथा वर्गीकरण, अपाङ्गता पहिचान कार्य बृद्धि गरिनेछ।
८. ज्येष्ठ नागरिकका ज्ञान सिप र अनुभवहरु निति निर्माणमा उपयोग हुने र भावी पुस्ताका लागि एक मार्गदर्शन हुने भएकाले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण सिर्जना गरिनेछ।
९. ज्येष्ठ नागरिकहरुलाई परिवारमा सम्मान पूर्ण रहन सक्ने परम्परा र वातावरणलाई प्रोत्साहन गरिनेछ।
१०. असाहाय अविवाहित महिलाहरुलाई जिवनयापन सहज गराउन आवश्यक भत्ता उपलब्ध गराइनेछ।
११. बाल क्लव, बाल सञ्जालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी बनाइनेछ।
१२. बालमैत्री असल शासन गाउँपालिका घोषणा गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।
१३. जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत तथा उद्धार गर्न बडा स्तरीय बाल अधिकार समिति गठन गरी बालकोष सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१४. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
१५. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
१६. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
१७. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।
२. स्वास्थ्य चौकीहरुको क्षमता अभिबृद्धिका लागि न्यूनतम सबै प्रकारका औषधी, उपकरणको व्यवस्था गरी विद्यार्थीहरुलाई नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ।

३. सबै स्वास्थ्य चौकीहरुमा बर्थिङ सेवालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न आवश्यक सबै प्रकारका उपकरणहरुको व्यवस्था गर्दै मातृ तथा शिशु मृत्यू दरलाई न्यूनीकरण गरिनेछ।

४. ज्येष्ठ नागरिक एवं विविध कारणहरुबाट स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको क्षेत्र समुदाय र बस्तीहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गरि स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलब्ध गराई स्वास्थ्य सेवालाई विस्तार गरिनेछ।

५. ५ वर्ष मुनिका बालबालिकाहरुको पूर्ण खोपको सुनिश्चितता र दीगोपनलाई निरन्तरता दिइने छ ।

६. यस गाउँपालिकाका मृत्यु भएका नागरिकहरुकोहरुको निशुल्क पोष्टमार्टम गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

७. अधारभुत अस्पताल रबिमा प्रकोप न्युनिकरण तथा विपद व्यावस्थापनका लागी १ जना मेडिकल अधिकृतको व्यावस्थालाई निरन्तरता दिईने छ ।

८. गाउँपालिकाका द्वारा स्थापित सामुदायिक स्वास्थ्य एकाइको सेवालाई निरन्तरता दिइने छ ।

९. दिर्घ रोगको उपचार सहायतामा स्थानिय सरकार भन्ने नाराका साथ गम्भीर (मुटु क्यान्सर तथा मृगौला) रोगको उपचार खर्च अभाव हुन नदिन दिर्घ रोग उपचार सहायतलाई निरन्तरता दिइने छ साथै स्थानिय नागरिकहरुका लागि अनिवार्य स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग तथा परामर्श प्रदान गरिनेछ ।

१०.विपन्न तथा पछाडिपरेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती शिविर र सामुदायिक स्वास्थ्य इकाई, गाउँ घर क्लिनिक वृद्धि गरिनेछ ।

११.सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई तथा ज्येष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२.प्राकृतिक प्रकोप, विपद तथा आपतकालीन, संक्रमण तथा महामारीको रोकथाम, व्यवस्थापन सम्वन्धी पूर्व तयारी तालिम, प्रशिक्षण, अभिमुखीकरण, जनचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३.सरसफाइ र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिबृद्धि गरी कुपोषणलाई र रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुऱ्याइनेछ ।

१४.स्वास्थ्य सेवालाई चुस्त र विशेषज्ञ चिकित्सक सेवालाई पहुँचयोग्य बनाउन रवी प्राथमिक स्वास्थ्य केन्द्र मार्फत विद्युतीय माध्यबाट सञ्चालन भैरहेको टेलिमेडीसीन सेवा निरन्तरता दिंदै थप प्रभावकारी बनाईने छ ।

१८. आधारभूत अस्पताल रबिमा रहेको फार्मेसी सेवालाई प्रभावकारी बनाइने छ ।

१९. स्थानीय जडिबुटी पहिचान विकास र प्रबर्द्धन गर्नुका साथै आधारभूत अस्पताल रबिमा आयूर्वेद सेवालाई प्रभावकारी रुपमा संचालन गर्न योग तथा प्राणायामलाई अभियानको रुपमा सञ्चालन गरिनेछ साथै आयुर्वेद औषधिको व्यवस्था समेत गरिने छ ।

२०. आकस्मिक प्रसुती रेफर आर्थिक सहायता कार्यक्रलाई निरन्तरता दिईने छ

२१. अपांगता रोकथाम तथा पुन स्थापना कार्यक्रलाई निरन्तरता दिईने छ ।

२२. वहु क्षेत्रिय पोषण कार्यक्रमलाई वजेटको व्यवस्था गरि समयानुसार सुदृढ गरी निरन्तरता दिइनेछ । साथै, साझेदार निकायहरुसँग सहकार्य गरी यसमा दिगोपनाका लागि आवश्यक पहल गरिनेछ ।

२३. सबै स्वास्थ्य संस्थाहरुमा विद्युतइन्टरनेट र संचारको भरपर्दो व्यावस्था गरिने छ । ,

२४. स्वास्थ्य कर्मचारीहरुलाई आवश्यक तालिमको व्यावस्था गरिने छ ।

२५. उत्कृष्ठ कार्य सम्पादन गर्ने स्वास्थ्य कर्मचारीहरुलाई पुरस्कारको व्यावस्था गरिने छ ।
२६. निशुल्क सुरक्षित प्रसुति सेवा विस्तार गरि प्रसुति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ।
२७. स्वास्थ्य संस्थाहरुबाट शतप्रतिशत प्रसुति सेवा उपलब्ध गराउने गरी प्रोत्साहन कार्यक्रमसञ्चालन गरिने छ ।
२८. मातृ तथा शिशु स्वास्थ्य सेवाहरु, खोप सेवा, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवाहरु विस्तार तथा सेवा सुदृढीकरण गरिनेछ । यसका लागि आवश्यकता अनुसार समुदाय परिचालन गरिनेछ ।
२९. सरकारबाट निःशुल्क उपलब्ध गरिने सबै प्रकारका औषधीहरु पालिकाको आवश्यकता अनुसार बर्गीकरण गरी सबै याममा उपलब्ध हुने बाताबरण श्रृजना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ ।
३०. स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण श्रृजना गरिनेछ ।
३१. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।
३२. आर्थिक रुपमा अति विपन्न गाउँपालिकाबासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
३३. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
३४. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

**च. सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता**

१. सामाजिक सूरक्षा कार्यक्रम अन्तर्गत मिक्लाजुङ गाउँपालिका भित्र सवै वडाहरुमा सामाजिक सुरक्षा भत्ता पाउन योग्य लाभग्राहीहरुको त्रुटी भएका विवरणहरु सच्याउन र सुधार गर्न आवश्यक जनशक्ती परिचालन गरी कार्यक्रम सञ्चालन गरिने छ ।
२. बैंक सम्म पुगेर सामाजिक सूरक्षा भत्ता लिन नसक्ने लाभग्राहिलाई बैंक संग सहकार्य गरी घरदैलोमा सामाजिक सूरक्षा भत्ता वितरण गरिनेछ ।
३. सामाजिक सूरक्षा भत्ता वितरण प्रणालीलाइ आधुनिकीकरण गर्न EFT मार्फत भत्ता वितरणको व्यवस्था गरिदै लगिनेछ ।
४. यस मिक्लाजुङ गाउँपालिका भित्र सवै वडामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता लाई थप प्रभावकारी बनाउनका लागि सवै वडाका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तथा प्रशिक्षण गराइने छ ।
५. सामाजिक सूरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणालीलाई थप प्रभावकारी बनाउन सरोकारवाला संग समन्वय र सहकार्यमा जोड दिइनेछ।
६. जोखिममा रहेका सामुदायमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्तालाई लक्षित गरी पहुँच र क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
७. व्यक्तिगत घटनादर्ता कार्यक्रम मिक्लाजुङ गाउँपालिकामा आ.ब. ०८०।०८१ मा (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइ-सराई) जस्ता घटनालाई समयमै दर्ता गराउनका लागि आवश्यक

पहल तथा परामर्श सूचना प्रवाह र प्रचारप्रसार गराइने छ । साथै आवश्यक्ता अनुसार दर्ता शिविर सञ्चालनको व्यवस्थापन गरिने छ ।

८. सामाजिक सूरक्षा तथा व्यक्तिगत घटनादर्ता सम्बन्धी रहेको गुनासोलाइ प्रत्येक वडामा गुनासो सुनावाइ समिति तय गरी गुनासो सुनावाइ व्यावस्थापन गरिने छ ।

९. मिक्लाजुङ गाउँपालिकामा सामाजिक सूरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणालीलाइ निरन्तरता दिन संघीय सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग सँग साझेदारीको निती अपनाइने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

२. स्थानीय स्तरमा खेरगइरहेका साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।

३. सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी रैथाने बाली, जडीबुटी, हस्तकलाका सामान जस्ता निर्यात जन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय सञ्चालन का लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।

४. परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वद्र्धन तथा प्रवद्र्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।

५. गाउँपालिकाको एक प्रमुख वजार क्षेत्रमा विक्रीकक्ष, प्रदर्शनी कक्ष, कोशेलीघर स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवद्र्धन गरिनेछ ।

६. स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पु¥याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी बनाइनेछ ।

७. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

८. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

९. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

१०. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

११. सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।

मिक्लाजुङ गाउँपालिका पाँचथर

१२.पर्यटन व्यवसायमा आवद्ध राष्ट्रिय तथा स्थानीय संघ संस्था, होटेल, ट्राभल्स एजेन्सीहरुसंग सहकार्य एकीकृत रुपमा पर्यटन प्रवद्र्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३.निजी क्षेत्रसंगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक वृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ ।

१४.पर्यटकीय गन्तव्य स्थानहरुमा पुग्न सम्भव भएसम्म सवैप्रकारका यातायातको व्यवस्थाका लागि निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१५.दलित एवं अति विपन्न समुदायमा होमस्टे सञ्चालन गर्न आवश्यक सवै सीप तथा उद्यमशीलता बिकास तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि एवं आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउदै आय आर्जन एवं स्वरोजगारीको अवसर श्रृजना गरिनेछ ।

१६.होमस्टे सञ्चालन गर्न आवश्यक लगानी पूँजीको अभावमा होमस्टे सञ्चालनमा अवरोध आएमा वित्तीय संस्थासंग समन्वय गरी सहयोग उपलव्ध गराइनेछ ।

१७.विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. रसायनिक मलको व्यापक प्रयोगवाट माटोको उर्वराशक्तिमा आएको ह्रासलाई न्यूनीकरण तथा उर्वराशक्तिलाई पुनःअभिवृद्धि गरी दीर्घकालसम्म कायम राखी राख्न कृषकहरुले सामना गर्दै आएको मलको अभाव र परनिर्भरताको निराकरण एवं आयातित मललाई न्यूनीकरण गर्न घर—घरवाट निस्कने फोहोरमैला, गोठेमल, पशुमूत्रलाई एकत्रित गरी जैविक मल उत्पादन र त्यसको व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । यसरी उत्पादन भएका कृषि उपजहरुलाई अर्गानिक कृषि उपजको प्रमाणीकरण गरिनेछ ।

३. विद्यमान सिंचाइ प्रणालीको स्तरोन्नति, आधुनिक तथा वैकल्पिक सिंचाइ प्रविधिको प्रयोग गरी खेतीयोग्य क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधा र नयाँ क्षेत्रहरुमा सिंचाइ सेवा उपलव्ध गरी कृषि खेतीलाई विस्तार गरिनेछ ।

४. जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ

५. व्यवसायिक सम्भावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ र त्यस्ता क्षेत्रहरुमा एकीकृत रुपमा पूर्वाधारको बिकास गरिनेछ ।

६. कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७. कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवद्र्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसंग अन्तरसम्बन्ध बिकास गरिनेछ ।

८. कृषिको व्यवसायीकरणका लागि सहकारीलाई प्रवद्र्धन, कृषि सामाग्रीको विक्री, उपजको खरिददारी गर्दै विचौलियाको न्यूनीकरण गरिनुका साथै संस्थागत सङ्कलन र ढुवानीका लागि सहकारीको क्षमता अभिवृद्धि गरी क्रियाशील गराइने छ ।

९. अतिविपन्न वर्गवाट गरिने व्यवसायिक कृषि खेतीका लागि आवश्यकताका आधारमा वीउ पूँजीको व्यवस्था गरिनेछ

१०. भूमिहीन तथा सीमान्तकृत कृषकका लागि जग्गा कवुलियत पट्टामा (लिज) लिने नीति अवलम्वन गरिने छ र त्यस्ता किसानलाई माहुरी, च्याउखेतीमा लाग्न उत्प्रेरित गरिनुका साथै सीप अभिवृद्धि समेत गरिने छ ।

११. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

१२. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

१३. गाउँपालिका भित्रका कृषकहरुको वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

१४. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

१५. कृषि खेती प्रोत्साहनका लागि प्रदान गरिने कृषि पुरस्कारलाई परिस्कृत गर्दै निरन्तरता दिइनेछ।

१६. कृषहरुले सामाना गर्दे आई रहेको वन्य जन्तुबाट कृषि क्षेत्रमा अत्याधिक रुपमा क्षति विशेष गरी बादरको आक्रमण वाट हुने क्षतिको न्यूनीकरण गर्न विषेश कार्यक्रम तय गरिने छ ।

१७. उत्पादित तरकारी,फलफुल तथा अन्य कृषि जन्य वस्तुको ( जाम,जेली, वाईन,अचार,चिप्स आदी) प्रशोधन तथा वजारी करण व्यावस्थापनको लागि यातायात तथा पूर्वधारको स्थापना गरिने छ ।

१८. कृषि बाली संगै तेलहन वालीको रुपमा सूर्यमूखी फुलको खेतोलाई प्रोत्साहन तथा उत्पादनमा बढवा दिइनेछ ।

१९. तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।

२०. स्थानीय प्रजातिहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।

२१. पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ । चरन क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि निर्देशिका बनाई नियमन गरिनेछ । डालेघाँस, भुईघाँस जस्ता पशुजन्य आहार प्रवद्र्धन कार्यक्रमसञ्चालन गरिने छ ।

२२. पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।

२३. पशुपंक्षीजन्य उत्पादनको वजार प्रवद्र्धन एवं निकासी वृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिने छ

२४. पशुपंक्षीजन्य उत्पादनको वजार प्रवद्र्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशुसहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२५. प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गर्दै स्वास्थ्यवद्र्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।

२६. पशुपंक्षीहरुमा लाग्ने सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय वेरोजगार युवाहरुलाई आवश्यक तालिमहरु प्रदान गरी उनीहरुको क्षमतामा अभिवृद्धि ल्याइनेछ ।

२७. मानववाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न एक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ र नियमित रुपमा नियमन गरिने छ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. सहकारी संस्थाहरुलाई विभिन्न तालिम सञ्चालन गरि क्षमता अभिवृद्धि गरिनेछ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

६. छरिएर रहेको तथा अनुत्पादक क्षेत्रको पूँजीलाई एकीकृत गर्दै सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ । एकीकृत पूँजीलाई उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगारी श्रृजना एवं आय आर्जन वृद्धि ल्याइनेछ ।

७. एक वस्ती एक सहकारी अवधारणालाई अवलम्बन गर्दै विषयगत क्षेत्रका अलग अलग सहकारी संस्था स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।

८. स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवद्र्धन हुने क्षेत्र एवं महिला समूहद्वारा सञ्चालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था, सामुहिक जमानीमा कर्जा व्यवस्था, कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ ।

**घ. रोजगारी र उद्यमशिलता सम्बन्धी नीति तथा कार्यक्रम**

१) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आबद्द गरी यथार्थ उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

२) सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभूती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समूदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूती गराइनेछ ।

३) दक्ष तथा संक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रबर्धन गर्न आवश्यक सीपयुक्त तालिमको पहिचान गरी संघ र प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

४) श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजानिक पुर्वाधार मिर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सृजना गरिनेछ ।

५) रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

६) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई तालिम दिइनेछ।

७) संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

८) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

९) बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन बैदेशिक रोजगार बोर्डको सचिवालयसंग सहकार्य गरी पुनएकिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०) गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पिडित पक्षलाई कानुनी सहायता सेवा उपलव्ध गराई अनावश्यक तनाववाट मुक्त गराइनेछ ।

११) सम्वन्धित परिवारमा वित्तीय साक्षरता कार्यक्रमसञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गरिनेछ

१२) सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता बिकासका लागि सीप बिकास एवं उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१३) वैदेशिक रोजगारीवाट फर्किआएका युवाहरुको सीप अभिवृद्धि तथा उद्यमशीलता बिकास गरी स्वरोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग प्रदान गरिनेछ ।

## ३. सूचना प्रविधि तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

३. कम्प्युटर सर्भरको स्यापना गरी सबै वडा कार्यालयहरु सँग नेटवर्क स्थापना गरी इन्ट्रानेट स्थापना गरी अनलाइन तथा अफलाइन दुबै माध्यमबाट हुने गरी दर्ता, चलानी, राजश्व लगायता जिन्सी लगायताका आवश्यक सप्टवेयरहरु संचालनमा ल्याएर पेपर लेस गाउँपालिकाको रुपमा अगाडि बढाउँदै लगिने छ ।

४. IP टेलिफोनको विस्तार गरी सबै वडा कार्यालयहरु सँग निःशुल्क संचार सम्पर्क गरिने छ ।

५. सेवाग्राहीको सुविधाको लागी विद्युतिय टोकन प्रणाली संचालमा ल्याउने ब्यवस्था मिलाइने छ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ५. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
४. संगठन तथा व्यवस्थापन अध्ययन (O&M) गरी गाउँपालिकाको वडा स्तर सम्म आवश्यकतानुसारको नयाँ संगठन संरचना तयार गरी लागु गरिने छ र पालिकामा लैङ्गिकमैत्री एवं समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ ।
५. कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादनस्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्य सम्पादन करार प्रणाली लागू गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ ।
६. सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलव्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवं सेवा केन्द्रवाट उपलव्ध गराउदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।
७. तालिम, तथा अभिमुखीकरणवाट गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारी ल्याइनेछ ।
८. गाउँपालिकाका अन्तर्गत विषयगत शाखा एवं मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरिने छ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत एवं प्रोत्साहन गर्ने अभ्यासको थालनी गरिनेछ ।
९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।
११. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१४. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१६. गाउँपालिकाको नीति कार्यक्रम, निर्णय, तथा प्रगति समीक्षाहरुका वारेमा सर्वसाधारण सबैलाई वेवसाइट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।

१७. जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरु अवलम्बन गरिनेछ ।

१८. सम्भव भएजति गाउँपालिकाको काम कारवाही एवं सेवा प्रवाहलाई अनलाइन तथा आइसिटि मार्फत गर्ने गरिने व्यवस्था मिलाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइने छ ।

२. पानी मुहानहरुको संरक्षण र सम्वद्र्धन र दीगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा खानेपानी उपभोक्ता समिति बनाई समितिको पहलमा मुहान तथा पानी श्रोत क्षेत्रमा वृक्षारोपण एवं पानी वितरणको व्यवस्था मिलाइनेछ ।

३. सुख्खा क्षेत्रहरुमा आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी तथा पानी भण्डारण ट्याङ्की जस्ता वैकल्पिक उपायहरु अवलम्बन गरी जीवनशैलीलाई सहज बनाइनेछ ।

४. फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन जस्ता विधिवाट श्रोतमै फोहोर व्यवस्थापन गर्दै गाउँ वजारलाई प्लाष्टिकमुक्त, धुवामुक्त घर बनाई स्वच्छ, सफा एवं सवैप्रकारका प्रदुषणहरुवाट मुक्त बनाउन महिला समूहको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

५. स्थानीयहरुको सहभागितामा स्यानेटेरी ल्यान्डफिल साइडलाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै स्थानीयहरुलाई सुरक्षित राखिनेछ ।

६. सार्वजनिक स्थलहरुमा डष्टपिन राखी फोहोरमैला सङ्कलनलाई व्यवस्थित गरिनेछ ।

७. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

८. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

९. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१०. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

११. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।

**ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिका/नगरपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम पालिकास्तरीय बन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

६. बनमा आधारित समितिहरु मार्फत मिचाहा प्रजातिको बोट विरुबालाई नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरुवाट जैविक सम्पदाको संरक्षण गरिनेछ।

७. बन्यजन्तुहरुबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, विरुवा, फलफूलहरु रोपण गरी बन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।

८. वन्यजन्तुहरुको चोरी शिकारीलाई कडाईका साथ कार्यान्वयन गर्दै लोपोन्मुख चराचुरुङ्गीको वासस्थान संरक्षण गरिनेछ ।

९. जैविक विविधतालाई पर्यटन प्रवद्र्धनसंग जोड्दै वन क्षेत्रको सम्पदा तथा विविधताको प्रोफाइल तथा इन्भेष्ट्रि तयार पारी नियमित रुपमा अभिलेख अद्यावधि गरिनेछ ।

१०. बन पैदावरमा आधारित जडीवुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता बिकास गर्दै सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

११. नदी उकास जमिन, खेती नहुने भूभाग, ताल तलैया तथा पानी श्रोत भएका खुल्ला क्षेत्रहरुमा कृषि—वनको व्यवसायिक विकासका लागि महिला, विपन्न एवं दलितलाई प्रोत्साहित गरिनेछ ।

१२. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१३. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१४. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

१५. भू—क्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव वसोवासका लागि बन्देज लगाइनेछ ।

१६. जोखिम क्षेत्रका वस्तीहरुलाई स्थानान्तरण गर्दै बाँस, वावियो, अम्रिसो जस्ता वोट विरुवाहरुको वृक्षारोपण गरी भू—क्षयलाई नियन्त्रण गरिनेछ ।

१७. जोखिमयुक्त क्षेत्र पहिचान गरी जोखिम संवेदनशिल भू—नक्सा तयार पार्दै जनचेतना अभिवृद्धि गरिने छ ।

१८. विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन, युवा स्वयंसेवक तथा उद्धार टोली व्यवसथा गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१९. भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ । यसका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

२०. विपद ब्यबस्थापन कोष स्थापना गरी संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुबाट प्राप्त रकम समेत उक्त कोषमा राखी एकद्वार प्रणाली मार्फत राहत र उद्धार लगायतका विपद ब्यबस्थापन कार्य सञ्चालन गरिनेछ ।

२१. आपतकालीन सहयोग, राहत, पुनरुथापना र पुनर्निर्माण कार्यक्रम लागू गर्दा अशक्त, असहाय, भूमिहीन, महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका फरक आवश्यकतालाई विशेष ध्यान दिई सम्बोधन गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

### क. सडक, ,यातायात आवास तथा योजना

१) सडक निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाउदै डाँडापाँखाहरु उजाड हुनेगरी गरिने सडक निर्माणलाई निरुत्साहित गरिनेछ ।

२) गाउँ कार्यपालिका कार्यालयसंग वडा कार्यालयहरु, स्थानीय सार्वजनिक कार्यालयहरु वीच सडक सञ्जाल बिकास गरी सेवाग्राहीहरुलाई सहजता प्रदान गरिनेछ ।

३) जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसंग जोडिने गरी सडक विस्तार गरी वाह्य क्षेत्रसंगको सम्बन्धलाई सुदृढ बनाइनेछ ।

४) सिंचाइ, पर्यटन, उद्योग व्यवसायलाई सहयोग पुग्ने एवं कृषि, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेगरी सडकको निर्माण एवं स्तरोन्नति गरिनेछ ।

५) सडक किनारा तथा तलमाथि वायोइन्जिनियरिङ्ग प्राथमिकता दिई वातावरणमैत्री सडक निर्माण गरिने छ ।

६) सडक तथा भौतिक संरचना संरक्षणप्रति स्थानीयहरुलाई सचेत गराउदै वस्ती वस्तीमा समितिहरु गठन गरी मर्मत सम्भारको जिम्मेवारी दिइने छ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइने छ ।

७) सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । महिला, बालबालिका, बिरामी, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गरिनेछ ।

८) भबन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्ड लागू गरी प्रकोपवाट हुन सक्ने सम्भावित क्षतिहरुवाट मानव तथा धनजन सुरक्षित राखिनेछ ।

९) पालिका क्षेत्रभित्र निर्माण गरिने निजी भवनको समेत मापदण्ड निर्धारण गरी नक्सापास गरेरमात्र भवन निर्माण इजाजत दिइने छ ।

१०) आवास, वस्ति बिकास र सार्वजनिक निर्माणको बिकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ ।

११) सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।

१२) चालु अवस्थाका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।

१३) पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिंचाइ सुविधा उपलव्घ गराइनेछ ।

१४) स्थानीय प्रविधि एवं सामाग्रीहरुको प्रयोग गर्दै वर्षातको पानी सङ्कलन गर्न प्रोत्साहन गर्दै महिला, दलित र विपन्न वर्गको आय वृद्धिका लागि करेसावारीमा व्यावसायिक तरकारी खेती गर्न सहयोग उपलव्ध गराइने छ ।

१५) पानी सुविधा उपलव्ध नभएका खेतीयोग्य वाँझो जमिनमा सिंचाइका वैकल्पिक प्रविधिहरुलाई (थोपा र छर्किने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेतीगर्न सकिने बालीहरु लगाउन जोड दिइनेछ ।

१६) गाउँपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

१७) गाउँसभाबाट स्वीकृत योजनाको कार्यान्वयन योजना तालिका (Calendar of Operation) समेत तोकी कार्यान्वयनमा ल्याइनेछ ।

१८) योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दिगोपनमा अपनत्व श्रृजना गराइनेछ ।

१९) उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता बिकास मार्फत सशक्तीकरण गरिनेछ ।

२०) मिक्लाजुङ गाउँपालिकामा प्रत्येक वडाबाट निर्माण कार्यको दक्ष जनशक्ति उत्पादनका लागि तालिम सञ्चालन गर्ने र प्रमाण पत्र उपलब्ध गराई निर्माण कार्य गर्नको लागि स्वीकृती पाएका दक्ष कामदारबाट मात्र निर्माण कार्य गराई निर्माण कार्यको गुणस्तर बढाइनेछ ।

२१) प्रत्येक आ मा निर्माण कार्यको योजना पात्रो प्रकाशन गरि सोही अनुसार योजना सञ्चालन गरि .व. समयमा योजना सम्पन्न गरिनेछ ।

२२) योजना समयमा सम्पन्न नगरेको अवस्थामा म्याद थप गर्ने वा म्याद थप गर्नु पर्ने स्पष्ट आधार नभएमा जरिवानाको व्यवस्था गरिनेछ ।

२३) मिक्लाजुङ गाउँपालिका भित्रका योजना सञ्चालनका लागि योजना पुस्तिका बनाई सम्पूर्ण योजनाको अभिलेख राखी योजनालाई प्रभावकारी बनाइनेछ ।

२४) मिक्लाजुङ गाउँपालिकाको निर्माण कार्यको गुणस्तर जाँचका लागि बजेट बिनियोजन गरि गुणस्तर जाँचको लागि आवश्यक सामग्री खरिद गरिनेछ ।

२५) योजना सञ्चालनलाई प्रभावकारी बनाउनका लागि उपभोक्ता समितिलाई अभिमुखिकरणको व्यवस्था गरिनेछ ।

२६) प्रत्येक वडामा टोल विकास समिति गठन गर्नेप्रत्येक वर्ष नव ,िकरण गर्नुपर्ने र योजनाको केही प्रतिशत वडाका सम्पूर्ण योजनाहरु टोल विकास समितिबाट ,मर्मत सम्भार कोष बनाउने (%३-%१) सञ्चालन गरिनेछ ।

२७) उपभोक्त समिति वा लाभग्राहि समुदाय मार्फत गराउने सार्वजनिक निर्माण कार्यलाई प्रभावकारी बनाउनका लागी मिक्लाजुङ गाउँपालिकाले कार्यविधि बनाइनेछ ।

२८) मिक्लाजुङ गाउँपालिका भरि मेशिन प्रयोग गर्नुपर्ने योजनाहरुको एकमुष्ट बोलपत्र वा दरभाउ पत्र बाट निर्माण कार्य खरिद गरि काम गरिनेछ ।

**ख. उर्जा तथा सिँचाई**

१. विद्युत तथा सौर्य ऊर्जा लगायत वैकल्पिक ऊर्जाको विकास, विस्तार तथा प्रवद्र्धन गर्दै सवै घरपरिवार, वस्तीहरु, सार्वजनिक स्थल तथा सडक छेउमा वाहै महिना नियमित रुपमा विद्युत सेवा उपलव्ध गरिने छ ।

२. विद्युत लाईन प्रसारण तथा वितरणमा प्रयोग भएका काठका पोलहरुलाई यसै आर्थिक बर्ष भित्र फलामे पोलहरुले विस्थापन गरिनेछ ।

३. वडा तथा वस्तीहरु सवैमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।

४. अति विपन्न, सीमान्तकृत घरपरिवार तथा वस्तीहरुमा सौर्य ऊर्जाको व्यवस्था निःशुल्क गरी विद्युत सेवावाट लाभान्वित गराइनेछ ।

५. सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सौर्य ऊर्जा प्रयोग गरिनेछ ।

६. घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बालने अभ्यासलाई न्यूनीकरण गरिनेछ ।

७. टुकी/कुपी मुक्त वडा घोषित प्रक्रिया अघि बढाइ आगामि १ वर्ष भित्रमा अध्यारो मुक्त गाउँपालिका घोषणा युक्त पालिका बनाउने ।

८. प्रत्येक वडामा विद्युत विस्तार योजना सञ्चालन गर्ने साथै विद्युत नपुगेको वडा तथा टोलमा( GIZ/REEEP) सँगको सहकार्यमा सोलार वितरण कार्यलाई थप व्यवस्तिथ बनाउदै निरन्तरता दिईने छ ।

९. लघु जलविद्युत आयोजनाहरुलाई सहयोग तथा नियमन गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंग समन्वय गरि योजनालाई प्रभावकारी वनाइने छ ।

१०. यस गाउँपालिकामा उत्पादन भईरहेको वायु उर्जालाई थप विकास र विस्तारका उपयुक्त वातावरण निर्माण गरिने छ ।

११. ऊर्जामा आधारित उद्यमहरू सञ्चालनका लागि व्यावसायिक सम्भाव्यता अध्ययन गरिने छ ।

१२. महिला, विपन्न तथा सिमान्तकृत बर्गहरुको सामाजिक तथा आर्थिक विकास र रोजगारी श्रृजना गर्न ऊर्जामा आधारित हुँने गरी सिपविकास तालिम सञ्चालन गरिने छ । यस्ता सिपविकास तालिम लिएका ब्यात्तीहरुलाई ऊर्जाको प्रयोगमा आधारीत ब्यवसाय सञ्चालन गर्न लघु उद्यम कार्यक्रम सँग समन्वय गरी सहयोग गरिने छ ।

१३. ऊर्जामा आधारित बृहद अर्थिक तथा सामाजिक बिकासको लागि कार्यक्रम प्रवद्र्घन गर्न साझेदार सस्थासँग समन्वय गरि योजना वनाइने छ ।

१४. पालिका क्षेत्रका सरकारी तथा सामुदायिक विद्यालयहरुमा विद्युतीय माध्यमबाट पठनपाठन हुने ब्यवस्था मिलाउन पहल गरिने छ ।

१५. चालु अवस्थाका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।

१६. पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिंचाइ सुविधा उपलव्घ गराइनेछ ।

१७. स्थानीय प्रविधि एवं सामाग्रीहरुको प्रयोग गर्दै वर्षातको पानी सङ्कलन गर्न प्रोत्साहन गर्दै महिला, दलित र विपन्न वर्गको आय वृद्धिका लागि करेसावारीमा व्यावसायिक तरकारी खेती गर्न सहयोग उपलव्ध गराइने छ ।

१८. पानी सुविधा उपलव्ध नभएका खेतीयोग्य वाँझो जमिनमा सिंचाइका वैकल्पिक प्रविधिहरुलाई (थोपा र छर्किने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेतीगर्न सकिने बालीहरु लगाउन जोड दिइने छ ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राखे प्रणाली विकास गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१०. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

११. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

धन्यवाद

मिक्लाजुङ गाँउपालिका पाँचथर